# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, फागुन १ गते २०४० साल ( अतिरिक्ताङ्क ५६ (क)


### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

श्री ५ को सरकारले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ११ (३) दफा १८ र दफा २० को प्रयोजनको निमित्त वागमती अञ्चलको जिल्लाहरूको लागि अर्थ मन्त्रालय राजस्व अनुसन्धान महाशाखाका विशेष अधिकृत श्री टेकबहादुर रायमाझीलाई अधिकार प्राप्त अधिकारी तोकी दिएको छ र सोही ऐनको दफा १८ र २० को प्रयोजनको लागि वागमती अञ्चलबाहेक अन्य अञ्चलका जिल्लाहरूको लागि सम्बन्धित जिल्लाका प्रहरी नायव उपरीक्षक, प्रहरी निरीक्षक र प्रहरी नायव निरीक्षकलाई अधिकार प्राप्त अधिकारी तोकिदिएको छ।

खण्ड २७, मिति २०३४।५।२० संख्या २१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचनालाई खारेज गरिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको निमित्त सचिव


श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रकाशित गरिएपछि मात्र लागु हुनेछ।

602